“लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूलआधार : महिलाको हिंसा मूक्त बाँच्न पाउने अधिकार”

# २६ औं महिला हिंसा विरुद्धको १६ दिने अर्न्तराष्ट्रिय अभियान २०१७

# अवधारणा पत्र

# २६ औं महिला हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान २०१७

# अवधारणा पत्र

**“लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूलआधार : महिलाको हिंसा मूक्त बा“च्न पाउने अधिकार”**

## परिचय :

महिला माथि हुने हिंसा महिला बिरुद्ध गरिने अपराध हो, मानव अधिकारको हनन् हो भन्ने मूल मर्मलाई आत्मसाथ गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायले आमरुपमा जनसमुदायमा आमसचेतिकरणका लागि विश्वस्तरमा नोभेम्बर २५ बाट शुरु गरी डिसेम्बर १० (महिला हिंसा विरुद्धको दिवस देखि अन्तराष्ट्रिय मानव अधिकार दिवस) सँग जोडेर १६ दिन सम्म यो अभियान मनाउन थालेको पनि २६ बर्ष भैसकेको छ । यस अभियान भित्र रहेका सम्पूर्ण दिवसहरुलाई महिलाको मानव अधिकारको सवालमा पैरवि गर्ने अवसरका रुपमा पनि लिइन्छ ।

डोमेनिकन गणतन्त्रका तत्कालिन त्रुजिलो तानाशाही सरकारले सन् १९६० मा लोकतन्त्रका लागि लड्ने मिरावेल परिवारका तीन दिदि बहिनी (प्रेटिया, मिनर्भा र मारिया) को निर्मम हत्याको बिरोध स्वरुप यो अभियान सुरु भएको हो । महिला माथि लिंगको आधारमा गरिने हिंसा राजनैतिक हिंसा हो भन्ने मान्यताका साथ महिलाबादिहरुले यस अबधिमा बिभिन्न कार्यक्रमहरु गरि यो दिवस मनाउने गरेका छन् । महिला अधिकारवादी तथा कर्मिहरुको निरन्तरको प्रयास पछि यस अभियानलाई संयुक्त राष्ट्रसंघद्वारा आत्मसात गरी संसारभर नै यो दिवसलाई महिला हिंसा विरुद्धको दिवसको रूपमा स्थापित गरीएको हो ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि समुदायस्तरदेखि अन्तराष्ट्रियस्तरसम्म महिला हिंसा अन्त्यका लागि भैरहेका प्रयासहरूप्रति ऐक्यबद्धता जनाउँदै

ओरेक नेपालद्वारा "लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूलआधार : महिलाको हिंसा मूक्त बाँच्न पाउने अधिकार" भन्ने मुख्य नाराका साथ समुदायस्तरदेखि राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरि यो दिवस मनाईंदै छ। अहिले १६ दिने अभियानलाई हामीले मनाउनको लागि मात्र नमनाएर महिला अधिकारका सवाललाई बलियो तरिकाले पैरवी गर्ने अवसरको रुपमा लिन जरुरी छ। देशमा भएको राजनीतिक र संरचनागत परिवर्तन संगै दिगो विकाश लक्ष्यलाई समेत मध्यनजर गरी यो अभियानमा महिलाको मानव अधिकार सुनिश्चितताको लागि पैरवी गर्न आवश्यक रहेको छ।

## संरचनागत बिभेद र महिलाको अवस्था

आधा धर्तीका हिस्सेदार महिला, आधा आकास उठाउने महिला, सृष्टिको जननी महिला भन्ने शब्दहरु सिद्धान्तमा स्वीकार गरिन्छन् अनि भाषणमा सिमित गरिन्छन् तर व्यवहारमा पितृसत्ताको मानसिकताबाट बाहिर निस्कन नखोज्ने मान्यता तथा संस्कारका कारण हाम्रो समाजका हरेक क्षेत्रमा महिलाहरु निरन्तर रुपमा लैंगिक विभेदको जाँतोमा पिसिइरहेकाछन्।

समाजमा महिला भएकै कारण हुने विभेदको परिणाम स्वरुप महिला माथि हुने हिंसाको संस्थागत बिकास भएको छ। महिलामाथि हुने हिंसाको अन्त्य हुने वातावरण सिर्जना गर्नका लागि "संरचनात्मक असमानताबाट सिर्जित भेदभावको अन्तरनिहित तथा अन्तर सम्बन्धित कारणहरुको" सम्बोधन आवश्यक रहेको छ। यो तबमात्र सम्भव छ जब राज्यले "महिलाले आफ्नो आत्मसम्मान र स्वाभिमानका" साथ स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्दछ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा पारित दिगो बिकास लक्ष्यहरु प्राप्तिका लागि प्रमुख प्राथमिकतामा महिला तथा बालबालिकाका लागि लैंगिक समानता तथा सशक्तिकरण हासिल गर्नु रहेको छ। दिगो बिकास लक्ष्यलाई प्राप्त गर्न नेपाल सरकारले हाल सम्म महिला तथा

बालबालिका माथि भएका बिभेदहरुको अन्त्य गरि लैंगिक समानता कायम गर्न बिभिन्न सुचक सहित कार्यक्रमहरु गरि राज्यको पुनः संरचना सँगै लैंगिक बिभेदको अन्त्यका लागि रुपान्तरणिय कार्य गर्ने एउटा सुअवसर प्राप्त गरेको छ ।

समाजमा हरेक तहमा रहेको संरचनागत असमानताका कारण महिलाहरुको श्रोत र साधन माथिको पहुँच र नियन्त्रण हुन सकेको छैन । महिलाको कामको रुपमा स्थापित भएका घरेलु सेवामूलक कामहरु, तथा कृषि क्षेत्रका कामलाई हालसम्म पनि “उत्पादनशील कामको रुपमा” मान्यता दिईएको छैन । महिलाले गरेका कार्यले देशको कूल ग्राहस्थ उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ यद्दपी महिलाले गर्ने कामलाई श्रमको मान्यता दिन सकिरहेको छैन । सरकारी नीतिले महिलाको सीपलाई व्यवसायिक बनाउन खासै पहल गरेको देखिदैन जसका कारण महिलाहरु बेरोजगार भई आर्थिक रुपमा परनिर्भर हुनुपरेको अवस्था छ। रोजगारिका लागि असुरक्षित आप्रवास गर्न बाध्य हुनुपरेको छ। आफुमाथि भएको अन्याय चुपचाप सहन बाध्य हुनुपरेको अवस्था छ । यद्यपि २०७४ कार्त्तिक १६ गते सर्वोच्च अदालतले “समान मूल्यको कामका लागि समान ज्याला प्राप्त गर्ने अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन” सरकारका नाममा जारी गरेको निर्देशनात्मक आदेशले न्यायिक समाजको सुनिश्चितताको वातावरण भने सृजना गरेको छ ।

समाजमा परम्परागत रुपमा रहिआएको पितृसत्तात्मक मानसिकता र व्यवहारका कारणले महिलाहरुको भूमिका र व्यक्तित्वलाई कम आँक्ने, महिलाको क्षमतामा शंका गर्ने नकारात्मक प्रवृत्ति राजनैतिक तहमा अझ व्याप्त रहेको अवस्था छ । उदाहरणका लागि हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा संबिधानले व्यवस्था गरेको प्रमुख तथा उपप्रमुख मध्ये एक पद अनिवार्य महिला भनेकोमा उपको पद नै महिलाको लागि भएको व्यवस्था हो झैं गरि अधिकांश जिल्लामा महिलालाई उपमा चुप लगाउने कार्य

भयो। केहि स्थानमा महिलालाई दिइएको प्रमुख पदमा उत्साह जनक परिणाम हासिल भयो जुन समाजमा देखिएको सकारात्मक परिणाम हो। यसले के देखाउँछ भने अहिले पनि हाम्रा राजनैतिक दलहरुले महिलाको नेतृत्व प्रति शंका गरेका छन् या भनौ महिलाको नेतृत्वलाई स्वीकार

गर्न नै सकि रहेका छैनन् भन्ने प्रष्ट देखिन्छ। यसैगरि अव हुन गइरहेको प्रादेशिक तहको निर्वाचनमा महिलाको उम्मेदवारी समानुपातिक निर्वाचन प्रणालिमा बन्द गरियो र प्रत्यक्ष तर्फ जम्मा सात प्रतिशत मात्र महिलाको उम्मेदवारी भएको अवस्था छ। राजनैतिक दलका यी व्यवहारले उनीहरुका भनाइ र गराइ मा ठूलो खाडल देखिएको छ साथै दलहरु लैंगिक समानताको नीति प्रति कति संबेदनशित छन् भन्ने कुरालाई पनि व्यवहारिक रुपमा प्रष्ट पारेको छ।

समग्र रुपमा महिलाको यो अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि, राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसरको सुनिश्चितता, सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रवर्द्धनका लागि नीति तथा कानुनहरूको अवलम्बन, सबै महिला र पुरुषका लागि पूर्ण एवं उत्पादनशील रोजगारी तथा मर्यादित कामका साथै समान कामका लागि समान ज्यालाको व्यवस्था, समान स्तरको शिक्षा र समाजमा रहेको पित्तृसतात्मक सोचको अन्त्य हुनु अपरिहार्य रहेको छ।

## महिला हिंसाको बिश्लेषण तथा अपिल

महिलामाथि हुने हिंसाको विश्लेषणात्मक प्रतिवेदन २०१७ का अनुसार ११५० हिंसा प्रभावित महिलाहरुमध्ये ६७ प्रतिशत (७६६) महिलाहरूमाथि घरेलु हिंसा, १७ प्रतिशत (१९५जना) महिलाहरूमाथि सामाजिक हिंसा, ६प्रतिशत (६८ जना) महिलाहरूमाथि बलात्कार, १ प्रतिशत (१८ जना)

महिलाहरूमाथि बलात्कारको प्रयास, ४ प्रतिशत (४५ जना) महिलाहरूमाथि यौनिक हिंसा, १ प्रतिशत(४जना)महिलाहरूको हत्या, २ प्रतिशत (२४जना) महिलाहरूको बेचबिखन, १ प्रतिशत (७) महिलाहरुमाथि बेचविखनको प्रयास, र १ प्रतिशत महिलाहरुमाथि अन्य प्रकारको हिंसा भएको पाईएको छ । महिला माथि हुने हिंसाका कारण सबै भन्दा बढी महिलाहरुले मानसिक असर भोग्नु परेको छ ।  तर महिलाहरुले न्याय पाएको स्थिति भने नगन्य छ । सामाजिक सांस्कृतिक अवस्थालाई नहेरि परिभाषित न्यायको परिभाषाले महिलालाई न्याय गर्न सकेको स्थिति छैन ।  यो स्थिति हामी सामाजिक न्यायमा विश्वास गर्ने सबै नागरिकको लागि मान्य छैन । त्यसैले कानुनी न्यायलाई मात्र न्याय प्राप्तिको आधार नमानी आफ्नो तहमा (स्व न्याय), पारिवारीक तहमा, सामाजिक तहमा तथा कानुनी तहमा न्यायलाई परिभाषित गर्नु जरुरी छ । तसर्थ समुदायदेखि राष्ट्रिय स्तरसम्म संचालित हुने यो अभियानमा हामी सबैलाई आवद्ध भै ु समाजमा रहेको संरचनात्मक बिभेदको अन्त्य गर्दै : महिलाको न्यायमा पहुँच सुनिश्चितता गर्नु एकजुट हुन अनुरोध गर्दछौं ।

विश्वका हरेक देशमा महिला र बालबालिका बिरुद्धको हिंसा व्याप्त रहेको छ । यस किसिमको हिंसा समान शिक्षाका लागि बाधक बनेको छ । हिंसा प्रभावित महिला तथा बालिकाहरु बिभिन्न प्रकारका शारिरीक तथा मानसिक स्वास्थ्य समस्याहरु भोग्न बाध्य छन् ।

यस्ता हिंसाहरुको कारण हाम्रो समाजमा आत्महत्याको घटनाहरु बढ्दो क्रममा देखिएका छन् । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षणले ७ वर्षभित्रको समयमा नेपालमा प्रति १ लाख जीवित जन्ममा २ सय ३९ जना आमाको मृत्युहुने तथ्याकं हालै सार्वजनिक गरी नेपालमा मातृमृत्युदरमा कुनै कमी नआएको उल्लेख गरेको छ । यसले के देखाउँछ भने जबसम्म समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउँदैन, महिलामाथि हुने हिंसाको अन्त्य र महिलाको यौन तथा प्रजनन् स्वास्थ्य

अधिकार सुनिश्चित हुन सक्दैन तबसम्म महिलाका लागि गरिएका कामहरुको परिणाममा कुनै उल्लेखनीय परिवर्तन आउन नसक्ने तथ्य यसले सार्वजनिक गरेको छ ।

सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप महिला हिंसा अन्त्य गर्दै महिलाको मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि तुरुन्तै स्थानिय तह देखि नै महिलाहरुका लागि आवश्यक सहयोगी संयन्त्रहरुको विकास र महिला सशक्तिकरणका लागि बाधक रहेको संरचनात्मक बिभेदको नीतिगत रुपबाट नै अन्त्य गर्न आवश्यक रहेको देखिन्छ ।

## १६ दिने अभियानको मुख्य उद्देश्य :

| मिति २०१७ | दिवसहरु |
|---|---|
| नोभेम्बर २५ | महिला हिंसा विरुद्धको दिवस |
| नोभेम्बर २९ | महिला मानवअधिकार रक्षक दिवस |
| डिसेम्बर १ | विश्व एड्स दिवस |
| डिसेम्बर ३ | विश्व अपाङ्गता दिवस |
| डिसेम्बर ५ | विश्व स्वयंसेवक दिवस |
| डिसेम्बर ६ | महिला शहिदहरुको सम्मान दिवस |
| डिसेम्बर १० | अन्तराष्ट्रिय मानवअधिकार दिवस |

यस वर्षको १६ दिने अभियानको मुख्य उद्देश्य समाजमा रहेको संरचनात्मक विभेदको अन्त्यका लागि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरि महिलाले आत्मसम्मानपुर्वक जीवनयापन गर्न सक्ने उचित वातावरण निर्माणका साथै महिलाको न्यायमा पहुँच सुनिश्चितताका लागि पैरवी गर्नु रहेको छ ।

## विशिष्ट उद्धेश्यहरु :

- लैगिंक समानता सुनिश्चिततताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सरकारले गरेको प्रतिबद्धता अनुरुप राज्यको दायीत्व पुरा गर्न पैरवी गर्ने ।
- महिला हिंसा अन्त्यका लागि आमसचेतीकरणमा अभिवृद्धि गर्ने ।
- महिला हिंसाका घटनाहरूको विश्लेषण गरीएको "अन्वेषी" पुस्तिका विमोचन गरी वर्षभरी महिलामाथि भएका हिंसाको सत्य तथ्य प्रमाणका रूपमा प्रस्तुत गर्नु र सरोकारवालाहरूलाई हिंसाको अवस्थाको अन्त्यका लागि जिम्मेवार बनाउने ।
- महिला मानव अधिकार रक्षकको महत्व र उनीहरूले निभाइरहको भूमिकाका वारेमा सवैलाई जानकारी गराउनु साथै उनीहरुको पहिचान र सुरक्षाका लागि पैरवी गर्ने ।

## १६ दिने अभियमान भित्र समेटिएका दिवसहरू

| मिति २०१७ | दिवसहरु |
|---|---|
| नोभेम्बर २५ | महिला हिंसा विरुद्धको दिवस |
| नोभेम्बर २९ | महिला मानवअधिकार रक्षक दिवस |
| डिसेम्बर १ | विश्व एड्स दिवस |
| डिसेम्बर ३ | विश्व अपाङ्गताशख दिवस |
| डिसेम्बर ५ | विश्व स्वयंसेवक दिवस |
| डिसेम्बर ६ | महिला शहिदहरुको सम्मान दिवस |
| डिसेम्बर १० | अन्तराष्ट्रिय मानवअधिकार दिवस |

## यस वर्षको मुख्य कार्यक्रमहरू

२५ नोभेम्बर २०१७ : अन्वेषी : महिलामाथि भएको हिंसाको विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक

२९ नोभेम्बर २०१७ : महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीतिको बारेमा छलफल

३० नोभेम्बर २०१७ : कुरीतिजन्य हिंसा विरुद्ध धर्म गुरुहरुको भुमिका विषयक राष्ट्रिय छलफल

४ डिसेम्बर २०१७ : युवा महिलाहरुको आर्थिक सशक्तिकरणमा नीजि क्षेत्रको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम

५ डिसेम्बर २०१७ : स्वंसेवीभावनाले महिला अधिकार सुनिश्चिततताका लागि कलम चलाईरखेका पत्रकारहरुको कामको सम्मान

६ डिसेम्बर २०१७ : महिला शहिदहरुको सम्झनामा दिप प्रज्वलन

## महिला हिंसा विरुद्धको १६ दिने अभियान अर्न्तगत ओरेकद्धारा देशैभरी आयोजना गरिने मुख्य कार्यक्रमहरु :

| नोभेम्बर २४ | |
|---|---|
| **जिल्ला** | कार्यक्रम |
| **मोरङ** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुका बारेमा पत्रकार सम्मेलन |
| **सुनसरी** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुकाबारेमा पत्रकार सम्मेलन |
| **दाङ** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुकाबारेमा पत्रकार सम्मेलन |
| **सिरहा** | वर्षभरीका महिला हिंसाका घटनाहरुको यर्थाथता र चुनौती बिषयक छलफल कार्याक्रम साथ १६ दिने अभियान बारे जानकारी |
| **उदयपुर** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुकाबारेमा पत्रकार सम्मेलन |
| **कैलाली** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुकाबारेमा पत्रकार सम्मेलन |
| **धनुषा** | १६ दिने अभियानका बारेमा जानकारी तथा कार्यक्रमहरुका बारेमा पत्रकार सम्मेलन |
| **नोभेम्बर २५: महिला हिंसा विरुद्धको दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **काठमाडौं** | "अन्वेषी " लोकाअपर्ण सहित प्रस्तुतीकरण गर्ने । |
| **मोरङ** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• रतुवामाई न.पा महिला हिंसा न्युनिकरणमा जनप्रतिनिहरुको भुमिका र जिम्मेवारी बिषक अन्तरकिया |

| | |
|---|---|
| **सुनसरी** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• बजु गाँउपालिका महिला हिंसा न्युनिकरणमा जनप्रतिनिधिहरुको भुमिका र जिम्मेवारी बिषयक अन्तरक्रिया । |
| **सिन्धुली** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा ऱ्यालि तथा कोण सभा । |
| **दाङ** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक तथा छलफल ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा ऱ्याली । |
| **सिरहा** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक तथा महिलाहरुको आत्महत्याका घटना न्युनीकरण र मानसिक स्वस्थ्य सम्बन्धी जिल्ला स्तरीय सरोकारवालाहरुको भुमिका विषयक गोष्ठी ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा ऱ्याली । |
| **उदयपुर** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा  ऱ्याली तथा कोण सभा । |
| **कैलाली** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा ऱ्याली । |
| **बर्दिया** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• महिला हिंसा विरुद्धको दिवसको अवसरमा ऱ्याली तथा कोणसभा । |
| **धनुषा** | • अन्वेषीमा सुचिकृत गरिएका महिला हिंसाको तथ्याङ सार्वजनिक ।<br>• घरेलु हिंसा कसुर तथा सजायँ ऐन, २०६६ मा व्यवस्था भएका प्रावधानहरुका बारेमा सरोकारवाला निक( ायहरुसँग अन्तरक्रिया । |

| | |
|---|---|
| **सल्यान** | • थारमारे, शिवरथ, ढाकादम, कुपिन्डे दह, माझकाँडामा ऱ्याली सहित लोकगित प्रतियोगिता र वक्तृत्वकला कार्यक्रम । |
| **रुकुम** | • खारा, पिपल र जिल्लास्तरमा ऱ्याली सहित लोकगित प्रतियोगिता र वक्तृत्वकला कार्यक्रम । |
| **काभ्रे** | • चण्डेणी गाँउपालिकामा लैंगिक हिंसा र वर्तमान अवस्था विषयक अभिमुखीकरण<br>• पाल्लेखेतमा लैंगिक हिंसा र वर्तमान अवस्था विषयक अभिमुखीकरण |
| **नोभेम्बर २६** | |
| **जिल्ला** | कार्यक्रम |
| **सिन्धुली** | महिला हिंसाको अवस्था र न्युनिकरणमा सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम । |
| **दाङ** | महिला माथि हुने हिंसाको अवस्था विश्लेषण अन्वेषीको आधारमा छलफल अन्तरक्रिया। |
| **सिरहा** | महिला हिंसा विरुद्धको PSA प्रशारण र रेडियो सम्वाद कार्यक्रमको शुरुवात । |
| **उदयपुर** | दिगो विकास लक्ष्य ५,१,१३, ८, ३ १६ का विषयमा जानकारी गराउने । |
| **कैलाली** | न्यायिक समिति र सरोकारवालाहरुसँग लैंगिक विभेदमा आधारित हिंसाको अवस्था र चुनौती विषयक अन्तर क्रिया । |
| **बर्दिया** | बाल बिबाह र यसका असर र लैङ्गिक बिभेद र यसका असर बिषयमा सडक नाटक प्रर्दशनी । |
| **धनुषा** | दाईजो कुप्रथा बारे सचेतना बढाउन सडक नाटकको आयोजना । |

| नोभेम्बर २७ | |
|---|---|
| **जिल्ला** | कार्यक्रम |
| **मोरङ** | उर्लावारी न.पा. दिगो विकासको लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रम । |
| **काठमाडौं** | • विभिन्न कलेजहरुमा अन्वेषी तथ्याङ आधारमा रही महिला हिंसाको वर्तमान अवस्थाबारे अभिमुखीकरण ।<br>• भक्तपुर जिल्लामा महिला हिंसाको वर्तमान अवस्थाका बारेमा अभिमुखीकरण । |
| **सिन्धुली** | महिला हिंसाका परिवर्तित स्वरुप साथै सहजीकरण मा महिला मानव अधिकार रक्षकको भुमिकाका विषय अन्तरक्रिया कार्यक्रम । |
| **दाङ** | हिंसा प्रभावितहरु मास भेला । |
| **सिरहा** | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रम । |
| **उदयपुर** | महिलाको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अभिमुखिकरण । |
| **कैलाली** | परम्परागत हानीकारक अभ्यास न्युनीकरणको लागि सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम |
| **बर्दिया** | • बाल बिबाह र यसका असर र लैङ्गिक बिभेद र यसका असर बिषयमा सडक नाटक प्रर्दशनी ।<br>• लैङ्गिक हिंसामा न्यायीक समितीको भुमीका बिषयक अन्तरक्रिया। |
| **धनुषा** | निर्वाचित जनप्रतिनिधीहरुको लागी महिला अधिकार विषयक अभिमुखिकरण । |
| **सल्यान** | बाल विवाहको अवस्था र सरोकारवालाहरुको भुमिका विषयक अर्न्तक्रिया । |
| **नोभेम्बर २८** | |
| **जिल्ला** | कार्यक्रम |

| | |
|---|---|
| **काठमाडौं** | भक्तपुरका विभिन्न सहकारीहरुलाई विभिन्न विषयमा अभिमुखीकरण गर्नुका साथै सरोकारवालासँग छलफल गर्ने । |
| **मोरङ** | केरावारीमा बाल विवाह, र यौन दूर्व्यवहार न्यूनिकरणका लागि सरोकारवालाहरुसँग छलफल । |
| **दाङ** | सार्वजनिक यातायातहरुमा आरक्षण सिटको प्रयोगको र कार्यन्वयनको अवस्था विषयक अन्तरकिया। |
| **सिरहा** | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तरकिया कार्यक्रम । |
| **उदयपुर** | मानसिक स्वास्थ्य समस्या सम्बन्धी अभिमुखिकरण । |
| **कैलाली** | महिला मानव अधिकार रक्षक दिवसको अवसरमा मानव अधिकार रक्षक र अधिकारकर्मीहरुको पहिचान , सुरक्षा र चुनौती विषयक अन्तरकिया कार्यक्रम |
| **बर्दिया** | सडक नाटक प्रर्दशनी |
| **धनुषा** | महिला मानव अधिकार रक्षक संजालहरु सगँ बैठक तथा छलफल |
| **नोभेम्बर २९ : महिला मानवअधिकार रक्षक दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **काठमाडौ** | • महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीतिको बारेमा छलफल ।<br>• विभिन्न कलेजहरुमा अन्वेषी तथ्याङ आधारमा रहि महिला हिंसाको वर्तमान अवस्थाबारे अभिमुखीकरण |
| **मोरङ** | • दिगो विकास सम्बन्धी अभिमुखिकरण<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **सुनसरी** | • महिला मानव अधिकार सम्बन्धी अभिमुखिकरण ।<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |

| | |
|---|---|
| **सिन्धुली** | • महिला हिंसाका परिवर्तित स्वरुप साथै सहजीकरणमा महिला मानव अधिकार रक्षकको भुमिका विषयक छलफल ।<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **दाङ** | • महिला मानव अधिकार रक्षक दिवसको अवसरमा रयाली तथा लैगिंक हिंसा निवारण कोष सञ्चालन र प्रभावकारिता सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **सिरहा** | • महिला मानवअधिकार रक्षकहरुको सुरक्षामा सरोकारवालाको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रम |
| **उदयपुर** | महिला मानवअधिकार रक्षकको जिल्ला सञ्जालको समन्वयमा महिला मानवअधिकार रक्षकको भूमिका, समस्या र चुनौतीका साथै सुरक्षा नीति विषयमा अन्तरक्रिया कार्यक्रम । |
| **कैलाली** | • परम्परागत हानीकारक अभ्यास न्युनीकरणको लागि सरोकारवालाहरुको भुमीका विषयक अन्तरक्रिया कार्यक्रम।<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **बर्दिया** | • न्यायीक प्रकृियामा जनप्रतीनिधि हरुको भुमिका बिषयक अन्तरक्रिया।<br>• महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **धनुषा** | महिला मानव अधिकार रक्षकहरुको सुरक्षा नीति विषयक छलफल । |
| **रुकुम** | महिला मानवअधिकार रक्षक संजालको समन्वयमा महिला हिंसाको अवस्था र सरोकारवालाहरुको भुमिका विषयक जिल्ला स्तरीय अर्न्तक्रिया कार्यक्रम । |
| **सिन्धुपाल्चोक** | इन्द्रावती गाँउपालिका ११ मा लैंगिक हिंसा र वर्तमान अवस्थाका बारेमा अभिमुखीकरण । |

| नोभेम्बर ३० | |
|---|---|
| जिल्ला | कार्यक्रम |
| काठमाडौं | कुरीतिजन्य हिंसा विरुद्ध धर्म गुरुहरुको भूमिका विषयक राष्ट्रिय छलफल । |
| मोरङ | रंगेली न.पा. मा महिला हिंसा न्युनिकरणमा जनप्रतिनिहरुको भुमिका र जिम्मेवारी बिषयक अन्तरकिया। |
| सिन्धुली | यौन दुर्व्यबहार र बालविबाहले किशोरी तथा युवा महिलाहरुमा पार्ने असर सम्बन्धी अन्तर संवाद कार्यक्रम । |
| दाङ | हिंसा प्रभावित महिलाहरुको नागरिकता र बालबालिकाहरुको व्यक्तिगत घटना दर्तामा देखिएका समस्या विष( यक अन्तरकिया कार्यक्रम । |
| सिरहा | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रम । |
| उदयपुर | मनोसामाजिक तथा प्रजनन स्वास्थ्य समस्या र यसले पारेको प्रभाव विषयक अभिमुखिकरण। |
| कैलाली | विश्व एडस दिवसको अवसरमा महिला  हिंसा र महिला स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम । |
| बर्दिया | लैङ्गिक हिंसामा न्यायीक समितीको भुमिका बिषयक अन्तरकिया । |
| धनुषा | समुदायका व्यक्ति, युवा, शिक्षक, राजनितिक पार्टीका अगुवाहरुसँग दाइजो, र बालविवाह सम्बन्धी अन्तरसम्बाद। |
| डिसेम्बर १ : विश्व एड्स दिवस | |
| जिल्ला | कार्यक्रम |
| काठमाडौं | महिलाका लागि महिला मञ्चद्धारा  एच.आई.भी एड्स सम्बन्धी अभिमुखीकरण |
| मोरङ | धनपाल  गा.पा.मा १६ दिवसीय कार्यक्रमको सन्दर्भमा बाल विवाह, र यौन दुर्व्यवहार न्यूनिकरणका लागि सरो कारवालाहरु सँग छलफल |

| | |
|---|---|
| **दाङ** | विश्व एडस दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम । |
| **सिरहा** | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तक्रिया कार्यक्रम । |
| **उदयपुर** | एड्स विरुद्ध सचेतना फैलाउने र्याली गर्ने,रातो रिवन वितरण, गाविसमा जनचेतना मुलक कार्यक्रम । |
| **कैलाली** | मानव बेचविखन सम्बन्धी सचेतनात्मक कार्यक्रम । |
| **धनुषा** | सुरक्षित आवासको आवश्यकता र राज्यको भुमिका बिषयक छलफल । |
| **डिसेम्बर २** | |
| **जिल्ला** | कार्यक्रम |
| **सिन्धुली** | वालविबाह र बाल अधिकार संम्बन्धी संविधानमा भएका प्रावधान विषयक घरदैलो कार्यक्रम |
| **दाङ** | हिंसा प्रभावित महिला र बालबालिकाको अवस्था र न्यूनीकरणमा सरोकारवालाहरुको भुमिका विषयक अन्तर क्रिया कार्यक्रम |
| **सिरहा** | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रम |
| **उदयपुर** | श्रमिक महिलाहरुको पारिश्रमिक, समयका विषयमा छलफल तथा हाल भएका कानुन समान कामको समान ज्यालका विषयमा छलफल । |
| **कैलाली** | महिला तथा बालवालिका सेलका प्रहरीहरुलाई महिलामैत्री व्यवहार , मनोविमर्श तथा परामर्श सम्बन्धी छलफल कार्यक्रम । |
| **बर्दिया** | लैङ्गिक हिंसामा न्यायीक समितिको भुमिका बिषयक अन्तरक्रिया । |
| **धनुषा** | लैगिंक हिंसा न्युनिकरणमा युवाहरुको भुमिका विषयक युवा भेला । |

| | |
|---|---|
| **सिन्धुपाल्चोक** | • लैंगिक हिंसा तथा वर्तमान अवस्थाका बारे छलफल । |
| **काभ्रे** | • चण्डेणीका विभिन्न महिला समूहबीच लैंगिक हिंसा तथा वर्तमान अवस्थाका बारे छलफल ।<br>• पात्लेखेत विभिन्न महिला समूहबीच लैंगिक हिंसा तथा वर्तमान अवस्थाका बारे छलफल । |
| **डिसेम्बर ३ : विश्व अपाङ्गता दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **मोरङ** | अपाङ्गता दिवसको दिन सरोकारवाला निकायसगँ समन्वय तथा छलफल । |
| **सुनसरी** | अपाङ्गता दिवसको दिन सरोकारवाला निकायसगँ समन्वय तथा छलफल । |
| **दाङ** | अपागंता महिलाहरुको अवस्था र चुनौती विषयक अर्न्तक्रिया कार्यक्रम । |
| **सिरहा** | अपागंता भएको व्यक्तिहरुको अधिकार सुनिश्चितता विषयक गोष्ठी । |
| **उदयपुर** | वडा कार्यालयको समन्वयमा अपांगता कार्डको विषयमा छलफल । |
| **कैलाली** | अपांग अधिकार ऐन सम्बन्धी हाजिरी जवाफ प्रतियोगिता तथा सरोकारवालाहरुलाई अभिमुखिकरण । |
| **धनुषा** | स्वंमसेबिकाहरुलाई महिला मानव अधिकार रक्षकको बिषयमा अभिमुखिकरण । |
| **डिसेम्बर ४** | |
| **जिल्ला** | कार्यक्रम |
| **काठमाडौं** | युवा महिलाहरुको आर्थिक सशक्तिकरणमा नीजि क्षेत्रको भूमिका विषयक अन्तरकिया कार्यक्रम । |
| **मोरङ** | जहदा गा.पा १६ दिवसीय कार्यक्रमको सन्दर्भमा बाल विवाह, र यौन दुर्यव्यवहार न्यूनिकरणका लागि सरोकारवालाहरुसँगको अन्तरकिया कार्यक्रम । |

| | |
|---|---|
| **दाङ** | हिंसा प्रभावित महिला र बालबालिकाको अवस्था र न्यूनीकरणमा सरोकारवालाहरुको भुमिका विषयक अन्तर क्रिया कार्यक्रम । |
| **सिरहा** | महिला हिंसा न्युनिकरण तथा लैगिंक समानता र दिगो विकास लक्ष्य विषयक अन्तरक्रिया कार्यक्रम । |
| **उदयपुर** | महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग महिलाको मानसिक तथा प्रजनन स्वास्थ्यका विषयमा स्वयं सेविकाहरुको भुमिका । |
| **कैलाली** | अभियान्ताको रुपमा अगाडी आएका महिला तथा पुरुषहरुलाई ३ दिने नेतृत्व विकास सम्बन्धी तालिम । |
| **धनुषा** | महिला हिंसा बिरुद्ध पर्चा बितरण । |
| **डिसेम्बर ५ : विश्व स्वयंसेवक दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **काठमाडौ** | • स्वंसेवी भावनाले महिला अधिकार सुनिश्चितताका लागि कलम चलाइराखेकाहरुको कामको सम्मान गर्ने ।<br>• महिलाका लागि महिला मञ्चको आयोजनामा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको सवालमा पत्रकारबीच अन्तरक्रिया । |
| **मोरङ** | पथरी नगरपालिका अन्तर्क्रिया महिला हिसां विरुद्धको दिवसको अवसरमाअवस्था , चुनौती र समाधान जनप्रति( निहरुको भुमिका बिषक अन्तरकिया कार्यक्रम |
| **दाङ** | हिंसा प्रभावित महिला र बालबालिकाको अवस्था र न्यूनीकरणमा सरोकारवालाहरुको भुमिका विषयक अन्तर क्रिया कार्यक्रम |
| **सिरहा** | महिला प्रजनन् अधिकार, महिला स्वास्थ्य सम्बन्धी समस्या तथा समाधानका लागि स्वास्थ्य चौकी इन्चार्ज, स्वयम् सेबिकासग अन्तरकिया कार्यक्रम |

| | |
|---|---|
| **उदयपुर** | लैगिंक समानता सम्बन्धी विद्यालय शिक्षा । |
| **कैलाली** | स्वयमसेविक दिवसमहिला स्वयम् सेविकाहरुलाई लैंगिक विभेदमा आधारित हिंसा सम्बन्धी अभिमुखिकरण । |
| **धनुषा** | महिला अधिकार तथा यौन शिक्षा बारे किशोरीहरुलाई अभिमुखिकरण । |
| | |
| **डिसेम्बर ६ : महिला शहिदहरुको सम्मान दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **काठमाडौं** | • महिला शहिदहरुको सम्भनामा दिप प्रज्वलन गर्ने ।<br>• महिला लागि महिला मञ्चद्धारा श्रमिक महिलाहरुसँग अन्तरक्रिया कार्यक्रम तथा मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको सवालमा अनलाइन अभियानको उद्घघाटन । |
| **मोरङ** | वेलवारी न.पा. महिला हिसां विरुद्धको दिवसको अवसरमा दिगो विकासको लक्ष्य विषयक अन्तरकिया |
| **दाङ** | शहिद महिला अधिकार कर्मीहरुको सम्भनामा द्धिप प्रज्वलन |
| **सिरहा** | • हानीकारक प्रथाहरु, बाल विवाह, दाइजो प्रथा, लैगिंक विभेद तथा महिला प्रजनन स्वास्थ्य विषयक कलेज तथा उच्च मा.वि स्तरीय अभिमुखिकरण कार्यक्रम<br>• शहिद महिलाहरुको सम्भनामा दिप प्रज्जवलन कार्यक्रम |
| **कैलाली** | मानव अधिकार, शान्ति र सामाजिक सुरक्षाको विषयमा सरोकारवालहरुसंग छलफल कार्यक्रम अधिकारकर्मी महिलाहरुको सम्भनामा १ मिनेट मौन धारण र दिप प्रज्वलन । |
| **सल्यान** | शहिद महिला अधिकार कर्मीहरुको सम्भनामा दिप प्रज्वलन कार्यक्रम |

| | |
|---|---|
| **सिन्धुपाल्चोक** | जिल्लास्तरिय समन्वय बैठक |
| **डिसेम्बर ७** | |
| **जिल्ला** | कार्यक्रम |
| **मोरङ** | सुन्दरहरैचा न.पा. महिला हिसां विरुद्धको दिवसको अवसरमा दिगो विकासको लक्ष्य विषयक अन्तरक्रिया । |
| **सिन्धुली** | लागु औषध दुर्व्यसन घटाउन किशोर,किशोरीहरुको भुमिका विषयक विद्यालयमा अन्तरक्रिया कार्यक्रम |
| **दाङ** | दिगो विकास लक्ष्य कार्यान्वयनमा सरोकारवालाहरुको भुमिका विषयक अन्तरक्रिया कार्यक्रम । |
| **सिरहा** | हानीकारक प्रथाहरु, बाल विवाह, दाइजो प्रथा, लैगिंक विभेद तथा महिला प्रजनन स्वास्थ्य विषयक कलेज तथा उच्च मा.वि स्तरीय अभिमुखिकरण कार्यक्रम । |
| **उदयपुर** | शुन्य लगानीमा बैदेशिक रोजगार नीति तथा कार्यक्रम र मनाव बेचविखनको परिवर्तित अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम । |
| **कैलाली** | लैगिंक विभेदमा आधारित हिंसाको अवस्था र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम( सरोकारवालाहरुसंग) |
| **डिसेम्बर ८** | |
| **जिल्ला** | कार्यक्रम |
| **सिरहा** | हानीकारक प्रथाहरु, बाल विवाह, दाइजो प्रथा, लैगिंक विभेद तथा महिला प्रजनन स्वास्थ्य विषयक कलेज तथा उच्च मा.वि स्तरीय अभिमुखिकरण कार्यक्रम |
| **उदयपुर** | लागु औषधको दुर्व्यसनी घटाउनका लागि विद्यार्थीको भुमिका सम्बन्धी स्कुल शिक्षा साथै निवन्ध प्रतियोगिता |
| **कैलाली** | बालविवाह सम्बन्धि अभिमुखिकरण |

| डिसेम्बर ९ | |
|---|---|
| **जिल्ला** | कार्यक्रम |
| **सुनसरी** | • बराहा नगरपालिका अन्तर्क्रिया महिला हिसां विरुद्धको दिवसको अवसरमाअवस्था , चुनौती र समाधान जनप्रतिनिहरुको भुमिका बिषक अन्तरकिया कार्यकम<br>• देवानगंज गाउपालिका अन्तरकिया महिला हिसां विरुद्धको दिवसको अवसरमा कार्यान्वनको अवस्था , चुनौती र समाधान उपाय विषक अन्तरकिया कार्यकम । |
| **सिन्धुली** | वाल विबाह र लैगिक हिंसा सम्बन्धी भिडियो प्रर्दशन । |
| **दाङ** | जेष्ठ नागरिकहरुको अवस्था र सामाजिक सुरक्षा विषयक अन्तरकिया कार्यक्रम । |
| **सिरहा** | मानवअधिकार रक्षक तथा संचारकर्मीहरुबिच हरुले १ बर्ष भित्रमा घटेका घटनाहरुको अनुभव आदान /प्रदान |
| **उदयपुर** | मानव अधिकार सन्जालसंग सहकार्यमा कार्यकम गर्ने । |
| **कैलाली** | महिला मञ्चको पुर्वतयारी बैठक |
| **डिसेम्बर १० : अन्तराष्ट्रिय मानवअधिकार दिवस** | |
| **जिल्ला** | कार्यक्रम |
| **मोरङ** | अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा ऱ्याली । |
| **सुनसरी** | अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा ऱ्याली । |
| **दाङ** | मानव अधिकार दिवसको अवसरमा ऱ्याली तथा अन्तरकिया कार्यक्रम |
| **सिरहा** | रयाली , कोण सभा तथा रक्तदान कार्यक्रम |

| | |
|---|---|
| **उदयपुर** | १६ दिवसिय अभियानको समिक्षा गर्दै समापन गर्ने । |
| **कैलाली** | मानव अधिकार दिवसको अवसरमा ऱ्याली कार्यक्रम |
| **बर्दिया** | जिल्लाका सरोकारवाला निकायहरुमाभ्क सडक नाटक प्रर्दशनी । |
| **धनुषा** | मानव अधिकार दिवसको अवसरमा ऱ्याली । |

## ओरेकको महिलामैत्री स्थान रहेका जिल्लाहरुमा गरिने गतिविधिहरु

| क्रंस | मिति | स्थानहरु | गतिविधिहरु |
|---|---|---|---|
| १. | नोभेम्बर २५ | लोहारपट्टी - महोत्तरी,<br>गौर- रौतहट<br>मलगंवा - सर्लाही<br>सुनसरी | महिला हिंसा विरुद्ध दिवसको अवसरमा र्‍याली |
| २. | नोभेम्बर २६ | लोहारपट्टी - महोत्तरी<br>सक्रौल, शिवनगर र घोडदौरी -सर्लाही<br>वडहरवा र पिप्रा बजार - रौतहट | लैंगिक विभेद र महिला हिंसाको वर्तमान अवस्था विषयक अन्तरक्रिया कार्यक्रम ।<br>सडक नाटक<br>र्‍याली तथा गाउँपालिकासँगको सम्वन्यमा लैंगिक विभेद र महिला हिंसाको वर्तमान अवस्था विषयक अन्तरक्रिया कार्यक्रम । |
| ३. | नोभेम्बर २७ | लोहरपट्टी,जलेश्वर- महोत्तरी<br>शिवनगर - सर्लाही<br>वडहरवा दलित बस्ति - रौतहट | लैंगिक विभेद र महिला हिंसाको वर्तमान अवस्था विषयक अभिमुखीकरण कार्यक्रम । |

| | | | |
|---|---|---|---|
| ४. | नोभेम्बर २८ | लोहारपट्टी - महोत्तरी<br>घोडदौरी - सर्लाही<br>पचरुखी - रौतहट | लैंगिक विभेद र महिला हिंसाको वर्तमान अवस्था विषयक अभिमुखीकरण कार्यक्रम । |
| ५. | नोभेम्बर २९ | गौर - रौतहट | महिला तथा बालबालिका कार्यालय रौतहटको समन्वयमा लैंगिक विभेद र महिला हिंसाको वर्तमान अवस्था विषयक अन्तरक्रिया कार्यक्रम । |
| ६. | १६ दिने अभियान भित्र | रौतहट, सर्लाही, महोत्तरी, सुनसरी | • महिला हिंसाले महिला स्वास्थ्यमा पार्ने असर बारेमा अभिमुखीकरण ।<br>• सुरक्षित स्थानागमनका बारेमा जानकारीमूलक छलफल ।<br>• किशोरीहरुलाई महिनावारीको समयमा ध्यान दिनुपर्ने सरसफाई विषयक अभिमुखीकरण ।<br>• बालविवाह र दाइजोको असर विषयक अभिमुखीकरण ।<br>• महिला स्वास्थ्य सम्बन्धी सचेतामूलक छलफल कार्यक्रम । |

## आसातित उपलब्धीहरू

- आम जनमानसमा महिला हिंसाको वर्तमान अवस्थाका बारेमा सचेतिकरण भई महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुन सहयोग पुग्नेछ ।
- दिगो विकास लक्ष्यमा निर्धारण गरिएका मापदण्डहरु प्राप्त गर्नका लागि अभियानले सहयोग पुर्‍याउनेछ ।
- महिलाका लागि व्यवस्था भएका संवैधानिक तथा कानुनी हक अधिकारका बारेमा सूचना प्रवाह भई कार्यान्वयनका लागि संघसंस्था तथा नागरिकहरु बीच एक्यबद्धता तथा समन्वयमा बृद्धि भएको हुनेछ ।
- महिलाको श्रमको सम्मान, पहिचान र मूल्याङकनका लागि गरिएको पैरवीबाट संरचनागत परिवर्तनका लागि सहयोगी हुनेछ ।
- महिला अधिकार सुनिश्चितताका लागि अभियानरत महिला अधिकारकर्मीहरुको भूमिकालाई सरोकारवालाहरुले आत्मसाथ गरेका हुनेछन् ।

# टिप्पणी

# टिप्पणी

# टिप्पणी

# टिप्पणी

# टिप्पणी

# टिप्पणी

# टिप्पणी

16
DAYS

**ओरेक नेपाल**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
टेलिफोन: (९७७)-०१५१८६३७४, ५१८६०७३
हटलाईन: १६६०-०१-७८९१०
Email : ics@worecnepal.org
Website : www.worecnepal.org